# अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


## भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ५ प्रकाशन मितिः २०८२/०७/२८

**भाग-२**

**भीरकोट नगरपालिका**


## नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०

## प्रथम संशोधन २०८२।०७।२४

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।०७।२४

**प्रस्तावना**

भीरकोट नगरपालिका र अर्जुनचौपारी गाउपालिका बसोबास गर्ने नागरिकहरु स्वास्थ्य सेवाबाट बञ्चित हुने अबस्था आउन नदिन उपलब्ध श्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधान ले स्थानीय तहलाई प्रत्याभुत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, नगरपालिका तथा गाउँपालिका बाट उपलब्ध हुने आधारभुत स्वास्थ्य सेवा समेतका स्वास्थ्य सम्बन्धी सेवालाई सहज, प्रभावकारी, ब्यवस्थित र गुणस्तरीय बनाउन, नगरपालिकामा स्वामित्व हस्तान्तरण भएको भीरकोट नगर अस्पताल संचालन तथा ब्यवस्थापन समितिको गठन तथा काम कर्तब्य र अधिकार सम्बन्धी विधि निर्धारण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

**परिच्छेद १**

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम नगर अस्पताल संचालन तथा ब्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यिविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) अस्पताल भन्नाले भीरकोट नगरपालिकाले संचालन गरेको अस्पताललाई सम्झनु पर्छ ।

ख) अध्यक्ष भन्नाले अस्पताल संचालक तथा ब्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

ग) प्रमुख भन्नाले भीरकोट नगरपालिका नगर प्रमुखलाई सम्झनु पर्छ।

घ) अस्पताल प्रमुख भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा ज्येष्ठ चिकित्सक कर्मचारी वा समितिले तोकेको कर्मचारीलाई सम्झनु पर्छ ।

ङ) उप प्रमुख भन्नाले भीरकोट नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

च) कार्यपालिका भन्नाले भीरकोट नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

छ) कार्यविधि भन्नाले अस्पताल संचालन तथा ब्यवस्थापन कार्यविधि २०८० लाई सम्झनु पर्छ।

ज) संयोजक भन्नाले समितिले तोकेको स्थायी कर्मचारीलाई सम्झनुपर्दछ ।

झ) चिकित्सक तथा स्वास्थ्यकर्मी भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धीत परिषदबाट अनुमती प्राप्त ब्यक्तिलाई सम्झनुपर्छ ।

ञ) नगरपालिका भन्नाले भीरकोट नगरपालिकाको भूभाग सम्झनुपर्छ ।

ट) नगरपालिका क्षेत्र भन्नाले भीरकोट नगरपालिकाको भुभाग सम्झिनुपर्छ ।

ठ) पदाधिकारी भन्नाले ब्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनु पर्छ।

ड) समिति भन्नाले दफा ३ बमोजिम गठित अस्पताल संचालन तथा ब्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

ढ) शाखा भन्नाले नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु गर्छ ।

## परिच्छेद २

## अस्पताल ब्यवस्थापन समितिको गठन तथा संचालन

**३. समितिको गठन**

**३.१ अस्पतालको संचालन तथा ब्यवस्थापनको लागि देहाय बमोजिमको एक ब्यवस्थापन समिति हुनेछ।**

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) नगर उपप्रमुख, | उपाध्यक्ष |
| ग) भीरकोट नगरपालिका सामाजिक बिकास शाखा संयोजक | सदस्य |
| घ) नगरपालिकाका सम्पूर्ण वडा वडा अध्यक्षज्यू | सदस्य |
| ङ) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख — सदस्य

छ) समितिले मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविका — सदस्य

ज) अस्पताल प्रमुख — सदस्य सचिव

झ) समितिले आवस्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय बिज्ञ, ईन्जिनियर जनप्रतिनिधि, समाजसेवी तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**३.२ समितिका सदस्यहरुको पदावधिः**

**३.३** समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच बर्षको हुनेछ । तर, पदाधिकारीको पदावधी बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधी स्वतः समाप्त हुनेछ ।

**३.४ सदस्यहरुको पदावधि देहायको अवस्थामा रिक्त भएको हुनेछ ।**

क) मृत्यु भएमा

ख) राजिनामा दिएमा

ग) बिना सुचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

**३.५ समितिको काम,कर्तब्य र अधिकारः** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) नेपाल सरकारबाट जारी गरिएको आधारभुत स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यान्वयन को सुनिश्चितता गरउने ।

ख) अस्पतालबाट गुणस्तरीय ,प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नती बिकासको सन्दर्भमा आवस्यक नीति योजना तथा कार्यक्रमको तर्जुमा र निर्णय गरि कार्यान्वयन गर्ने गराउने।

ग) अस्पतालको नियमित संचालन र ब्यवस्थापनको लागि आवस्यक स्रोत साधन जुटाई बार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

घ) अस्पतालबाट प्रबाह भएका सेवाहरुको नियमित अनुगमन र समिक्षा गरि सेवाको निरन्तर रुपमा गुणस्तर अभिबृद्धि गर्न आवस्यक निर्णय लिने ।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागी आवस्यक प्रबन्ध मिलाउने ।

च) अस्पतालमा जनशक्तिको व्यवस्थापन कार्यरत जनशक्तिको क्षमता बिकास र बृत्ति विकासको लागी आवस्यक कार्य गर्ने । अस्पतालमा कार्यरत जनशक्तिको सेवा शर्त पारिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागी आवस्यक मानव स्रोत ब्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्यसम्पादनका लागी प्रोत्साहित गर्ने ।

ज) स्वास्थ्य सेवाको पहुचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवस्यक कार्यहरु गर्ने ।

झ) अल्पसंख्यक, आदिवासी, जनजाती ज्येष्ठ नागरिक विपन्न बर्ग, अपांगता भएका बालबालिका, किशोर किशोरी, महिला समुह समेत लाई मध्यनजर राखी अस्पतालको प्रथमिकता र योजना तर्जुमा गरि कार्यान्वयन गर्ने ।

ञ) स्वास्थ्य बिमा कार्यक्रम, खोप कार्यक्रम बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा महामारीजन्य रोग, कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवस्यक प्रबन्ध मिलाउने।

ट) अति विपन्न असहाय तथा अपांगता भएका ब्यक्तिहरुलाई निःशुल्क वा सहुलियतपुर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवस्यक प्रबन्ध मिलाउने ।

ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्याँक अद्यावधिक, अभिलेखिकरण एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगती भए नभएको अनुगमन गर्ने ।

ढ) भौगोलिक कार्यक्षेत्र भित्रका स्वास्थ्य समस्या र आवस्यकताको बिश्लेषण गरि तथ्यमा आधारित योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्ने ।

ण) स्वास्थ्य सेवामा सुशासन , जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजिकरण गर्ने ।

त) विद्युतीय स्वास्थ्य सेवाको अवधारणा कार्यान्वयनका लागी नगरपालिका अन्तर्गतका सामाजिक विकास समिति र स्वास्थ्य शाखासंग आवस्यक समन्वय गर्ने ।

थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थिति बारे पुनरावलोकन गरि जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्यासमाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागी नगरपालिका तथा सम्बन्धीत निकायलाई पठाउने ।

द) अस्पतालले लिने सेवाशूल्क निर्धारण गर्नका लागी नगरकार्यपालिका लाई सिफरिस गर्ने ।

ध) अस्पतालको बिकासका लागी आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसंग आवस्यक समन्वय र सहकार्य गर्ने ।

न) अस्पताल संचालनको लागी नगरपालिकाले दिएको निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने,गराउने।

प) अस्पतालबाट सेवा प्रवाहका क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र ब्यवस्थापन गर्ने ।

फ) अस्पतालको मासिक प्रगतीप्रतिवेदन हरेक महिना एच.एम.आई.एस अनुसार तयार गरि डि.एच आई.एस. २ मा तथ्याङ्क प्रविष्ट गर्ने ।

ब) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,जनस्वास्थ्य सेवा ऐन लगायत प्रचलित कानुन र नीतिबमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरु कार्यान्वयनका लागि ब्यवस्थापन समन्वय र सहयोग गर्ने ।

भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु तथा अभियानहरु संचालन गर्ने, नगरपालिकाले तोकेका अन्य कामहरु गर्ने ।

**३.६ समितिको बैठक र बैठक संचालन बिधि**

क) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तीमा दुई महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ ।

तर, आवस्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

ख) समितिका सदस्यहरुको बहुमतको उपस्थिती भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

ग) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ ।

घ) कुनै बिषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णयक मत दिन पाउनेछन् ।

तर, आमन्त्रि सदस्यले मतदानमा भाग लिन पाउनेछैनन् ।

ङ) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिका उपाध्यक्षको अध्यक्षतामा बैठक संचालन हुनेछ ।

च) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

छ) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद ३

### ४. अस्पतालको कोष र लेखा परिक्षण सम्बन्धी व्यवस्था

**४.१ अस्पतालको कोषः**

- अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष स्थापना गरिनेछ ।
- उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

  क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

  ख) नगरपालिकाबाट प्राप्त हुने रकम ।

  ग) कुनै संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम ।

  घ) व्यवस्थापन समितिको पहलबाट प्राप्त हुने रकम ।

  ङ) अस्पतालले संचालन प्रदान गरेको सेवा वापत प्राप्त सेवा शुल्क वापतको रकम ।

  च) उल्लेखित शिर्षक बाहेक दान, चन्दा बाट प्राप्त हुने रकम ।
- अस्पताललाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।
- अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

**४.२ कोषको खाता संचालन तथा व्यवस्थापनः**

क) अस्पतालको आय तथा खर्चको दुरुस्त हिसाब राख्नका लागि अस्पताल संचालन समितिले तोकेका २ जना सदस्यहरुको सयुक्त दस्तखतबाट कोषमा जम्मा भएको रकमको खर्च गरिने छ ।

ख) उपदफा १ बमोजिमको रकम खर्च गर्दा व्यवस्थापन समितिको निर्णयानुसार गरिनेछ ।

ग) अस्पतालको आय व्यय प्रचलित कानूनले तोके बमोजिमको ढाँचामा राखिनेछ ।

घ) अस्पतालको कोषमा जम्मा हुने रकम र कारोवार समितिले निर्णय गरेको बैक मार्फत गरिनेछ ।

ङ) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता अस्पताल संचालन तथा व्यवस्थापन समिति र खाता सञ्चालन गर्ने अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

च) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी काम गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रकृया अनुसार गरिनेछ ।

**४.३ लेखा परीक्षण**

क) अस्पतालको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखावाट हुनेछ ।

ख) समितिको अन्तिम लेखा परीक्षण रजिष्टर अडिटरबाट हुनेछ ।

ग) लेखापरीक्षणको प्रतिवेदन अस्पताल व्यवस्थापन समितिबाट अनुमोदन गरिनेछ ।

४.४ **बैठक भत्ता**: समितिका सदस्यहरुको बैठक भत्ता तथा वैठक सम्बन्धि अन्य खर्च अस्पतालको आन्तरिक आम्दानीबाट गरिनेछ ।

४.५ **सेवा शुल्क सम्बन्धि व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवा तथा सुविधाको लागि लाग्ने शुल्क अस्पताल व्यवस्थापन समितिको सिफारिसमा नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## कर्मचारी, औषधी तथा उपकरणको व्यवस्थापन सम्बन्धी व्यवस्था

**५. कर्मचारी व्यवस्थापन**

क) अस्पतालको लागि नेपाल सरकारबाट दरवन्दी स्वीकृत नभएसम्म नगर सभाबाट अस्थायी दरवन्दी स्वीकृत गरी कर्मचारी व्यवस्थापन गरिनेछ ।

ख) अस्थायी दरवन्दीमा प्रचलित कानूनको पालना गरी कर्मचारी व्यवस्थापन गरिनेछ । कर्मचारीको पदपूर्ती करार सेवा मार्फत गरिने छ ।

ग) अस्पताल व्यवस्थापन समितिको सिफारिसमा अस्पतालको अस्थायी दरवन्दी नगरसभाले हेरफेर गर्न सक्नेछ।

घ) नगरसभाले स्वीकृत गरेको अस्थायी दरवन्दीमा कर्मचारी पदपूर्ती गर्दा अस्पताल संचालन समितिले तोके बमोजिमको पदपूर्ती समिति गठन हुनेछ ।

ङ) अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा शर्त र सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

च) नियमित सेवा बाहेक र स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलव्ध गराउन सक्नेछ ।

छ) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न सक्नेछ ।

**६. अस्पतालमा कार्यरत प्रमुख अधिकृतको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।**

क) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभुत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम् सेवा मापदण्डलाई कार्यान्वियन गर्ने र अस्पतालको दैनिक, प्रशासनिक स्वास्थ्य सेवा संचालन गर्ने ।

ख) अस्पताल सञ्चालनका लागी सरकारी तथा गैरसरकारी सँस्थाहरुसँग समन्वय गर्ने ।

ग) अस्पताल सञ्चालनका लागी वार्षिक बजेट, कार्यक्रम तयार गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने।

घ) अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवाको गुणस्तर कायम राख्न, कर्मचारीको क्षमता अभिबृद्धि गर्न, स्तर उन्नति समेतका आवश्यक कार्यहरु गर्ने ।

ङ) अस्पतालको प्रमुख भई कामकाज गर्ने ।

**७. संयोजकको काम कर्तव्य र अधिकारः**

क) अस्पतालको दैनिक सेवा सञ्चालन गर्न नगरपालिका तथा अन्य निकायहरु सँग समन्वय गर्ने

ख) अस्पताल व्यवस्थापन समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

ग) अस्पतालबाट प्रदान गरिने सेवाको गुणस्तर कायम राख्न, क्षमता अभिबृद्धि गर्न, स्तर उन्नति गर्न तथा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

घ) नगरपालिका, समिति र अस्पताल प्रमुखले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**८. औषधि खरीद, भण्डारण र विक्रि वितरण सम्बन्धी व्यवस्था**

क) नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा नगरपालिका/गाउँपालिका संगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरीद गर्न सक्नेछ।

ख) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई समितिबाट निर्णय गरि नगरपालिकाबाट स्वीकृत गर्नुपर्नेछ।

ग) अस्पतालले निःशुल्क उपलव्ध गराउने औषधी नियमित रुपमा उपलव्धताको व्यवस्था दुवै स्थानीय तहबाट गर्नुपर्नेछ।

घ) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

ङ) औषधिको गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको भण्डार कक्षमा भण्डारण गर्नुपर्नेछ ।

च) औषधी आपुर्ति तथा वितरणलाई पारदर्शी वनाउन अस्पताल प्रमुखले एक जना कर्मचारीलाई जिम्मेवारी दिनेछ ।

छ) बुँदा (च) बमोजिम तोकिएको व्यक्तिले नियमित रुपमा खप्ने र खर्च हुने सामानको आम्दानी खर्च र मौज्दातको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

ज) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापन समिति समक्ष चौमासिक रुपमा पेश गर्नुपर्नेछ।

झ) प्रेस्कृप्सन अनुसार औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्नानुसारको जानकारी दिनुपर्नेछ।

- औषधीको सेवन विधि र मात्रा
- औषधीको सेवन अवधि
- औषधीबाट हुनसक्ने प्रतिअसर
- औषधी सेवन अवधिभर अपनाउनु पर्ने सावधानी
- औषधी सुरक्षित राख्नेस्थान र विधि

ञ) औषधी वितरण गर्दा औषधी विक्री वितरण सम्बन्धी सहिंता र औषधी सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

ट) अस्पतालले आपुर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनुपर्नेछ।

**९. फार्मेसी संचालन गर्नेः**

क) निःशुल्क उपलब्ध हुने औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ।

ख) फार्मेसी मार्फत विक्रीवितरण गर्ने औषधिको आपूर्ति र व्यवस्थापन नगरपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

ग) फार्मेसी संचालन सम्बन्धीअन्य ब्यबस्था प्रचलित कानून र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ।

घ) फार्मेसीबाट औषधी विक्री गर्दा खरिदकर्तालाई कम्प्युटराईज विल उपलब्ध गराउनुपर्नेछ ।

**१०. एम्बुलेन्स संचालन**

क) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ।

ख) एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**११. आकस्मिक स्वास्थ्य सेवा**

क) अस्पतालले २४सै घन्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ।

ख) अस्पतालमा सम्भव उपचार गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

ग) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

घ) आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निशुल्क उपलव्ध गराउनु पर्नेछ र आधारभुत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएकाको हकमा सोही वीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नुपर्नेछ।

ङ) अस्पतालमा आएका विरामीहरुलाई आकस्मिक उपचार सेवावाट वञ्चित गरिने छैन । अति विपन्न, वेवारिसे, दुर्घटनामा परेका, संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई नगरपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्नेगरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ।

**१२. सेवा व्यवस्थापन**

- अस्पतालमा प्रशासनिक कार्यालय, (ओ. पि. डी.), प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ (दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, स्वास्थ्य उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।
- अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ।
- अस्पतालले बहिरंग सेवा प्रदानगर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समयतालिका (दिन र बार र समय) खुल्नेगरी सबैले देख्नेठाउँमा राख्नेछ।
- अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ।
- बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने ब्यबस्था सुनिश्चित गर्नेछ।
- अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्षस्वास्थ्यकर्मी बाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।
- बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ।
- अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सो को नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।
- सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।
- अस्पतालले नेपाल सरकारवाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।
- अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनु पर्नेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र सावुन उपलव्धता गराउनु पर्नेछ।
- अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राख्नुपर्नेछ ।

- अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।
- अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।
- अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुकालागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ ।
- अस्पताल क्षेत्रभित्र र सबै बिभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।
- विपन्न, असहाय र दुर्घटनामा परेका विरामीहरुको लागि निःशुल्क उपचारका लागि १० प्रतिशत शैया छुट्ट्याईनेछ ।
- बुँदा (द) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।
- अस्पतालले प्रयोगगर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधि अनुसार मर्मत-सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरिनेछ ।
- अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ।
- आपतकालिन व्यवस्थामा प्रयोग हुने सामग्री हरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारण कक्षमा कम्तीमा एक महिनाको लागि पुग्ने अत्यावश्यक सामग्री मौज्दात राख्ने व्यवस्था हुनुपर्नेछ।
- अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनु पर्नेछ।
- अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरी लागू गर्नेछ।
- अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालवबालिका र अपाङ्गता मैत्री हुनु पर्नेछ। अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचरको व्यवस्था गर्नुपर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने प्रवन्ध मिलाउनु पर्नेछ ।
- स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्बन्धि अन्य व्यवस्था स्वास्थ्य सम्बन्धी प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद ५

## सूचना अभिलेखिकरण, गुनासो व्यवस्थापन

### १३. अस्पताल सूचना प्रणाली

क) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरुको नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

ख) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सूचना नगरपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलव्ध गराउनु पर्नेछ।

ग) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

घ) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्नलाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको अनुसूची १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरुको सुनिश्चितता गर्नुपर्नेछ ।

ङ) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

च) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोध पुछ वा सहायता कक्षको व्यवस्थागरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

छ) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

ज) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

झ) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस. मा प्रविष्ट गर्नुपर्नेछ।

ञ) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**१४. गुनासो व्यवस्थापन**

क) अस्पतालले सबैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

ख) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि गुनासो सुन्ने अधिकारी तोक्नेछ।

**१५. प्रेषण सम्बन्धी व्यवस्था**

क) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर, अस्पतालमा उक्तसेवा, जनशक्ति र उपचार हुनसक्ने अबस्था हुँदाहुँदै प्रेषण गर्नपाइने छैन ।

ख) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सोको अद्यावधिक सूची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

ग) बुँदा (ख) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।

घ) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ।

ङ) बिरामी प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलव्ध गराउनु पर्नेछ।

च) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राही वा निजको संरक्षकको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पर्नेछैन ।

छ) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

ज) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

झ) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्नसक्नेछ।

ञ) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जासहित डिस्चार्जगरी सोको विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ।

ट) बुँदा (ञ) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनुसुची २ बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ।

- विरामीको परिचय पत्र नं.
- मूख्य समस्याहरू
- भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश
- तत्काल गरिएको परीक्षणको सारांश
- उपचारको क्रममा भेटिका तथ्य
- उपचारको क्रममा अपनाइएको प्रकृया
- उपचारकोक्रममा अस्पतालमा रहेको अवधि
- गरिएको उपचारको विवरण
- डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्दति, औषधिको मात्रा, प्रकृया तथा अवधि
- पुनः आउनुपर्ने वा नपर्ने जानकारी
- निदानात्मक जाँचहरूको रिपोर्टको सारांश
- अन्य आवश्यक कुराहरू

## परिच्छेद ६

## विविध

१६. **अस्पतालको छापः** अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टैछाप हुनेछ। छापको नमुना र आकार अनुसूची ३ मा उल्लेख भएबमोजिम हुनेछ।

१७. **अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ। सङ्गठन संरचना प्रचलित कानून बमोजिम नगरपालिकाले निर्धारण गर्नेछ।

१८. **साझेदारी गर्नसक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहान सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न नगरपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, नीजि तथा गैरसरकारी निकाय वा दातृ संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ।

१९. **वार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले बर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

२०. **निर्देशन पालना गर्नुपर्नेः** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२१. **आर्थिक दायित्व सृजना गर्न नहुनेः** नगरपालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नुहुँदैन ।

२२. **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

२३. **कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधिको पालना गर्नु नगरपालिका भित्रका नगरपालिकाबाट संचालित सरकारी अस्पतालको दायित्व हुनेछ ।

२४. **व्याख्यागर्ने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई वाधा आई परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

२६. **संशोधनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संशोधन गर्ने अधिकार भीरकोट नगरपालिका नगर कार्यपालिकामा निहित हुनेछ ।

**अनुसूची १**

दफा १३ (घ) सँग सम्बन्धित

अस्पतालबाट प्रदान गरिने सेवाको

**नागरिक बडापत्रको ढाँचा**

| सि. न. | शाखा/ वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्नेसमय | लाग्नेशुल्क | गुनासो सुन्नेअधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**अनुसूची २**

दफा १५ को ट संग सम्बन्धित

डिस्चार्ज साराशं ढाँचा

<table>
<tr><td colspan="2" align="center">भीरकोट नगर अस्पताल<br>डिस्चार्ज साराशं</td></tr>
<tr><td>बिरामीको नामः</td><td>उमेरः</td></tr>
<tr><td>बिरामीको ठेगानाः</td><td>सम्पर्क नं</td></tr>
<tr><td>अस्पतालको वार्डः</td><td>युनिटः</td></tr>
<tr><td>बिरामीको परिचयपत्र नं/दर्ता नं</td><td>मितिः</td></tr>
<tr><td colspan="2">समस्याहरुः<br>.........................<br>.........................</td></tr>
<tr><td colspan="2">परीक्षण विवरणः<br>.....................................<br>......................................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा भेटिएका तथा तथ्य उपचार प्रक्रिया र पद्धतीः<br>....................................................................................................................................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधीः<br>भर्ना भएको मिति र समयः</td></tr>
<tr><td>उपचार सम्बन्धी विवरणः<br>...................................................................</td><td>सिफारिस गरिएको औषधीको नाम मात्रा र सेवन अवधीः<br>.......................................................................</td></tr>
<tr><td>डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निवेदन<br>...............................................................</td><td>सिफारिस औषधीको नाम, मात्रा र अवधिः<br>....................................................</td></tr>
<tr><td colspan="2">पुनः अस्पताल आउने (Follow up) सम्बन्धी विवरणः<br>यस उपचारको क्रममा पुन अस्पताल आउनुपर्ने वा नपर्नेः<br>आउनुपर्ने मितिः</td></tr>
<tr><td colspan="2">अन्य आवश्यक कुराहरुः<br>................................</td></tr>
<tr><td colspan="2" align="right">.........................<br>इन्चार्जको हस्ताक्षर</td></tr>
</table>

# अनुसूचि ३

दफा १६ संग सम्बन्धित

नेपाल सरकारको निशान छाप मुनी

भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भीरकोट नगर अपस्पताल

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भीरकोट नगर अपस्पताल

आज्ञाले,
(लक्ष्मण लम्साल)
प्रमुख प्रशासकीय अधिकृत